# दशौ बैठक

आज मिति २०८२।१२।०९ गते सोमबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

## तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भूमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ३ | |
| ६. | श्री वाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा वेल्वासे | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था वेल्वासे | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| २१. | श्री रबिन्द्र प्रसाद चौधरी | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भूमिकास्थान नगरपालिका | |

निर्णय प्रमाणित गरिएको

२२. श्री मेघराज खनाल का. स. अध्यक्ष भूमिकास्थान नगरपालिका

२३. श्री टीकालाल भट्टराई " "

२४ श्री नारायण प्र. खनाल का. वा. अध्यक्ष " "

**प्रस्तावहरु**

१. अघिल्लो बैंठकको समिक्षा सम्बन्धमा ।
२. दोस्रो राष्ट्रिय आर्थिक गणना सम्बन्धमा ।
३. स्थानीय शासन कार्यसम्पादन मूल्यांकन सम्बन्धमा ।
४. प्रदेश समपूरक तथा विशेष अनुदान सम्बन्धमा ।
५. वडा नं. १० को मर्मत संभारमा बचत बजेट सम्बन्धमा ।
६. कृषि पकेट कार्यक्रम सम्बन्धमा ।
७. नगरपालिकाको आगामी कार्ययोजना सम्बन्धमा ।
८. गरिब परिचयपत्र सम्बन्धमा ।
९. प्रहरी चौकीबाट प्रदान हुने सेबा सम्बन्धमा ।
१०. करारोपण सम्बन्धमा ।
११. १५ शैया अस्पताल संचालन सम्बन्धमा ।
१२. विविध ।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैंठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैंठकका निर्णयहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- निर्णय बमोजिमको संघीय समपूरक र विशेष अनुदान राष्ट्रिय योजना आयोगको विद्युतीय प्रणालीमा प्रविष्ट गरिएको ।
- सडक बोर्ड नेपालमा निर्णय बमोजिम छनौट भएको सडक मर्मत आयोजनालाई अनुमतिको लागि अनुरोध गरी पठाईएको ।
- कृषि, पशुपंक्षी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्य गर्नको लागि दैवि छनौट (Random Sampling) विधीबाट छनौटमा परेका वडा नं. १, २, ४, ६, ७, ९ र १० मा रहेका कृषकहरुको पारिवारिक लागत संकलन कार्यका लागि भूमिकास्थान नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको प्रयोग गरी गर्ने भनिएकोमा लागत संकलनको कार्य सम्पन्न भएको ।

**निर्णय नं.२ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा संचालन हुने दोस्रो राष्ट्रिय आर्थिक गणनाको सन्दर्भमा कार्यपालिका बैंठकमा जानकारी भयो र भूमिकास्थान नगरपालिकाका सबै वडाहरुमा वडा अध्यक्षको संयोजकत्वमा आर्थिक गणना वडा सहजीकरण समिति गठन गर्ने र नगरपालिकामा तपसिल बमोजिमको स्थनीय आर्थिक गणना समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| नगर प्रमुख श्री झविलाल थापा | संयोजक |
| नगर उप-प्रमुख श्री बालकृष्ण बन्जाडे | सदस्य |
| वाणिज्य, व्यापारको तर्फबाट श्री प्रेम थापा, वडा नं.७ | सदस्य |
| वाणिज्य, व्यापारको तर्फबाट श्री तिलक खनाल, वडा नं. २ | सदस्य |
| वाणिज्य, व्यापारको तर्फबाट श्री ठाकुर चुँदाली, वडा नं. ९ | सदस्य |
| सुरक्षा प्रतिनिधी | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं.३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय तह कार्यसम्पादन मूल्यांकनका विभिन्न ५ वटा क्षेत्र, २० वटा उपक्षेत्र, १०० वटा सूचक र २०० वटा उपसूचकको सन्दर्भमा व्यापक छलफल भयो र तोकीएको म्यादभित्रै सबै सूचकहरु प्रविष्ट गर्न सबै शाखाहरुलाई सक्रिय बनाउने साथै तोकीएका सूचकहरुमा उत्कृष्ट नतिजा ल्याउने गरी सबै तर्फबाट प्रभावकारी ढंगबाट कार्यसम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं. ४ को लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने समपूरक तथा विशेष अनुदानबाट संचालन हुने आयोजना तथा कार्यक्रमको सन्दर्भमा छलफल हुँदा प्रदेश सरकारबाट आयोजना छनौटको लागि सूचना प्रकाशन पश्चात योजनाहरु स्वीकृत गरी पठाउने निर्णय गरियो ।

निर्णय प्रमाणित गरिएको

२०८२/१२/१०

CamScanner

**निर्णय नं.५** : प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको नगरसभाको १७ औ नगरसभाबाट स्वीकृत तोकीएका योजना मर्मत संभार वडा नं. १० शिर्षका विनियोजितबाट कोटेशन मार्फत सूचना प्रकाशन गर्दा प्रतिस्पर्धाको आधारमा कम कबोल हुँदा बचत भएको रकमबाट सोही वडाको वडा समितिबाट तपसिल बमोजिमका योजनामा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय भए बमोजिम तपसिल बमोजिमका आयोजनाहरुमा देहायबमोजिमको बजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. तल्ला पाकु अधुरो सिढी निर्माण तथा रोजा जाली भराई कार्य, रु. १४८०००

२. पल्लाटोला बेहोरे मोटरबाटो निर्माण, रु. १०००००

**निर्णय नं.६ क)** : प्रस्ताव नं. ६ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत तरकारी प्रवर्द्धन कार्यक्रम संचालनको लागि यस कार्यालयबाट प्रकाशित सूचना बमोजिम पर्न आएका आवेदनहरुको सन्दर्भमा कृषि प्राविधिकहरुबाट स्थलगत निरीक्षण गरी मूल्यांकन गर्दा बढि अंक प्राप्त गर्ने तपसिल बमोजिमका ६ वटा आवदेकहरुको प्रस्ताव छनौट गर्ने निर्णय गरियो ।

तपसिल:

१. हरि प्रसाद भुसाल , भूमिकास्थान ४

२. हरि प्रसाद गैरे, भूमिकास्थान ६

३. एम बहादुर थापा मगर भूमिकास्थान ७

४. मन्जु भट्टराई , भूमिकास्थान १०

५. निमकला खनाल, भूमिकास्थान २

६. यदुनाथ खनाल, भूमिकास्थान १

**निर्णय नं.६ ख)** : प्रस्ताव नं. ६ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत संघीय सशर्त अनुदान अन्तर्गतको कृषि जैविक विविधता संरक्षण तथा सामूदायिक विउबैंक सुदृढिकरण कार्यक्रम संचालनको लागि यस कार्यालयबाट प्रकाशित सूचना बमोजिम पर्न आएका आवेदनहरुको सन्दर्भमा कृषि प्राविधिकहरुबाट स्थलगत निरीक्षण समेतका आधारमा तपसिल बमोजिका प्रस्ताव छनौट गर्ने निर्णय गरियो ।

तपसिल

१. खाकावेशी भलटारी कृषि समूह, भूमिकास्थान २,

२. नवज्योति कृषक सहकारी संस्था लि., भूमिकास्थान ६

**निर्णय नं.७** : प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को बाँकी अवधिमा कार्यसम्पादन गर्ने क्रममा निश्चित कार्ययोजना बनाई कार्यसम्पदन गर्ने र सो को लागि तपसिल बमोजिको कार्ययोजनाको स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | समय अवधि | कैफियत |
|---|---|---|---|
| १. | राजश्व परामर्श समितिको बैंठक | पौष तेस्रो हप्ता | |
| २. | फाल्गुण महिनाको प्रगति समिक्षा | चैत्र दोस्रो हप्ता | |
| ३. | तेस्रो त्रैमासिक आन्तरिक लेखा परीक्षण | चैत्र दोस्रो हप्ता | |
| ४. | आय र व्ययको चौमासिक विवरण संघीय तथा प्रदेश अर्थ मन्त्रालयमा पेश गरिसक्ने | चैत्र १५ गते भित्र | |
| ५. | सेवा ग्राही सन्तुष्टि सर्वेक्षण गरी सार्वजनिक सुनुवाईको आयोजना गर्ने | चैत्र तेस्रो हप्ता | |
| ६. | आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समिक्षा गर्ने | चैत्र अन्तिम हप्ता | |

निर्णय प्रमाणित गरिएको

२०८२/१२/१०

CamScanner

| | | | |
|---|---|---|---|
| ७. | नगर प्रमुख मार्फत उपभोक्ता समिति, सहकारी, गैसस आदि सँग नीति तथा कार्यक्रम र बजेट तर्जूमा सम्बन्धमा पूर्व बजेट छलफल गरी सक्ने | चैत्र अन्तिम हप्ता | |
| ८. | चैत्र महिना तथा तेस्रो त्रैमासिक अवधिको प्रगति विरण तयार गरी समिक्षा गर्ने । | वैशाख पहिलो हप्ता | |
| ९. | राजश्व परामर्श समितिबाट राजश्वको अध्ययन सम्बन्धि प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने । | वैशाख पहिलो हप्ता | |
| १०. | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आंकलन गर्ने | वैशाख पहिलो हप्ता | |
| ११. | बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधी तयारी गर्ने | वैशाख दोस्रो हप्ता | |
| १२. | कूल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जूमा सम्बन्धी मार्गदर्शन तयार | वैशाख दोस्रो हप्ता | |
| १३. | राजश्व परामर्श समितिको बैठक | वैशाख दोस्रो हप्ता | |
| १४. | आगामी तीन आर्थिक वर्षको बजेट सीमा तथा मार्गदर्शन स्वीकृत गरी विषयगत शाखा तथा वडा कार्यालयलाई उपलब्ध गराउने | वैशाख दोस्रो हप्ता | |
| १५. | विषयगत समितिहरुको बैंठक | वैशाख तेस्रो हप्ता | |
| १६. | वडा समितिले टोल विकास संस्थाको बैंठकको कार्यतालिका तयारी र जिम्मेबारी बाँडफाँड गर्ने | वैशाख अन्तिम हप्ता | |
| १७. | अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश गर्ने | वैशाख अन्तिम हप्ता | |
| १८. | टोल स्तरबाट आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने | वैशाख अन्तिम हप्ता | |
| १९. | वैशाख महिनाको प्रगति विवरण तयार गरी समिक्षा गर्ने | जेष्ठ पहिलो हप्ता | |
| २०. | वडाका बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पेश गरिसक्ने । | जेष्ठ दोस्रो हप्ता | |
| २१. | विषयगत शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने । | जेष्ठ दोस्रो हप्ता | |
| २२. | विषय क्षेत्रगत मध्यमकालिन खर्च संरचनाको प्रारम्भिक मस्यौदा | जेष्ठ दोस्रो हप्ता | |

निर्णय प्रमाणित गरिएको

२०८२/१२/१०

| | | | |
|---|---|---|---|
| | तयारी गर्ने । | | |
| २३. | बजेट तथा कार्यक्रम तर्जुमा समितिले गैसस तथा विकास साझेदारहरुको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने | जेष्ठ तेस्रो हप्ता | |
| २४. | विषयगत समितिमा छलफल गरी आगामी आ.व.को नीति तथा कार्यक्रम र बजेटको प्राथमिकता निर्धारण गरिसक्ने | जेष्ठ तेस्रो हप्ता | |
| २५. | मध्यमकालिन खर्च संरचना, बजेट तथा बार्षिक विकास कार्यक्रमको प्रस्ताव तायर गर्ने । | जेष्ठ अन्तिम हप्ता | |
| २६. | बजेट तथा कार्यक्रम तर्जूमा समितिले आर्थिक तथा विनियोजन विधेयकको मस्यौदा साथै मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने । | आषाढ पहिलो हप्ता | |
| २७. | कार्यपालिका बैठक वसी नीति तथा कार्यक्रम सभामा पेश गर्न स्वीकृत दिने । | आषाढ पहिलो हप्ता | |
| २८. | आगामी आ.व.को नीति तथ कार्यक्रम अध्यक्षले सभाको बैंठकमा प्रस्तुत गरी छलफल गर्ने | आषाढ ५ गते | |
| २९. | नीति तथा कार्यक्रम पारित गर्ने | आषाढ ६ गते | |
| ३०. | कार्यपालिका बैंठक गरी आगामी आ.व.को बजेट आर्थिक विधेयक र विनियोजन विधेयक समेत सभाको बैंठकमा पेश गर्न स्वीकृति प्रदान गर्ने । | आषाढ ७ गते | |
| ३१. | वार्षिक वजेट (राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान) वार्षिक विकास कार्यक्रम, मध्यमकालिन खर्च संरचना, आर्थिक एवं विनियोजन विधेयक सभाको बैंठकमा प्रस्तुत गरिसक्ने । | आषाढ १० गते | |
| ३२. | सभामा पारित भएको कार्यतालिका अनुसार १५ दिन भित्र वार्षिक बजेट तथा कार्यक्रम लगायतका दस्तावेजहरु माथि दफावार छलफल गरी स्वीकृत गर्ने । | आषाढ २५ गते भित्र | |
| ३३. | सभाबाट पारित आर्थिक तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गरिसक्ने | आषाढ मसान्त सम्म | |

**निर्णय नं.८ :** प्रस्ताव नं. ८ माथि छलफल गर्दा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिब पहिचान तथा मापदण्ड शाखाको च.नं. ६५ मिति २०८२/११/०८ को पत्रको सन्दर्भमा बैंठकमा जानकारी भै छलफलहुँदा भूमिकास्थान नगरपालिका भित्र गरिव परिवार पहिचान गर्न परिबारको तथ्यांक संकलन सम्बन्धि मापदण्ड अनुसार कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** भूमिकास्थान नगरपालिका वडा नं ९ मा धनचौर प्रहरी चौकीबाट सेवा प्राप्त हुँदै आएकोमा उक्त सेवा लिन सेवाग्राहीहरुलाई अपायक परि रहेको सन्दर्भमा व्यापक छलफलहुँदा सो सेवा सन्धिखर्क नगरपालिकाबाट हुने व्यवस्थाको लागि जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित गरिएको

२०८२/१२/१०

**निर्णय नं.१०** : भूमिकास्थान नगरपालिकाले संविधानले दिएको आथिक अधिकार, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई दिइएको आर्थिक अधिकारको क्षेत्रमा मात्र कर संकलन गरेकोले क्षेत्राधिकार बाहिर करारोपण नगरेको कार्यपालिका बैंठक स्वघोषणा गर्दछ ।

**निर्णय नं.११** : भूमिकास्थान नगरपालिका अन्तर्गतको १५ शैयाको अस्पताल संचालन सम्बन्धमा व्यापक छलफल भयो सो सन्दर्भमा ठोस निर्णय हुन नसकेकोले आगामी बैठकहरुमा छलफल गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं.१२** : यस नगरपालिकाका ईन्जिनीयर श्री शरद पोखेलले मिति २०८२/११/०१ गते देखि लागु हुने गरी मिति २०८२/१०/२९ दिईएको राजिनामा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३** :भूमिकास्थान नगरपालिकामा गभर्नेन्स ल्याव नामक गैर सरकारी संस्था मार्फत संचालन हुने लैंगिक उत्तरदायी तथा समावेशी शासन सुदृढीकरण सम्बन्धी कार्यक्रमको सन्दर्भमा बैठकमा जानकारी भयो ।

निर्णय प्रमाणित गरिएको

२०८२/१२/१०